# राष्ट्रिय मानवअधिकार आयोग

## हरिहरभवन, ललितपुर

## मौजुदा सूची दर्ता गराउने बारेको सूचना

**सूचना प्रकाशित मिति २०७६/०४/०१**

यस आयोगको आ.व. २०७६/०७७ का लागि तपसिलमा उल्लेख गरिए बमोजिम विभिन्न सामान तथा सेवाहरु आपूर्ति गर्न/गराउनका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा ६(क) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को नियम १८ बमोजिम आपूर्तिकर्ताहरुको मौजुदा सूची (Standing List) तयार गर्ने प्रयोजनका लागि ईच्छुक सम्बन्धित इजाजत प्राप्त रजिष्टर्ड फर्म/कम्पनीहरुले यो सूचना प्रकाशित भएकोले प्रत्येक समूहका लागि छुट्टाछुट्टै निवेदन/आवेदन यस आयोगमा दर्ता गराउनु हुन यो सूचना प्रकाशित गरिएको छ।

**तपसिल**

| **माल सामान खरिद तथा आपूर्तितर्फ** | **परामर्श तथा सेवा आपूर्तितर्फ** |
|---|---|
| १. स्टेशनरी सामानहरु<br>२. काठ/स्टिलका फर्निचर तथा फर्निसिङ सामानहरु<br>३. कम्प्युटर, युपीएस, प्रिन्टर, डिजिटल क्यामरा, फोटोकपी मेसिन, कारटेज, रिफिलिङ, फ्याक्स, टेलीफोन सेट तथा सोको पाटपुर्जाहरु<br>४. विभिन्न इलेक्ट्रोनिक सामानहरु (पंखा, हिटर, एयरकन्डिसनर, जेनेरेटर आदी), तथा सोको पाटपुर्जाहरु बिजुली (वाईरिङ) का सामानहरु<br>५. खानेपानी (मिनरल वाटर)<br>६. छपाई सम्बन्धी<br>७. मोटर, मोटरसाइकल, साईकल तथा सोका पार्टपुर्जाहरु<br>८. रंग रोगन तथा अन्य हार्डवयर सम्बन्धी सामानहरु | **मर्मत तर्फ**<br>१. मोटर तथा मोटर साईकल<br>२. विभिन्न फर्निचर सामानहरु<br>३. कम्प्युटर, फोटोकपी मेसिन, प्रिन्टर, फ्याक्स आदि<br>४. एयरकन्डिसन, जेनेरेटर, बिजुली वाईरिङ, टेलीफोन आदि<br>५. प्लम्बिङ सम्बन्धी<br>६. किचन सामग्रीहरु<br>७. रंगरोगन तथा अन्य मर्मत सम्बन्धी<br>**सेवातर्फ**<br>१. विज्ञानपन सेवा<br>२. कुरियर सेवा<br>३. ट्राभल एजेन्सीहरु (हवाई टिकटको लागि)<br>४. परामर्श तथा अन्य सेवा (अनुवाद, भाषा सम्पादन, कानूनी सेवा, विभिन्न सफ्टवेयरहरु आदि)<br>५. क्याटरिङ तथा टेन्ट<br>६. विविध |

**निवेदकले पेश गर्नु पर्ने कागजहरुको विवरण**

१. आफुले गर्ने काम किटान गरी फर्म, कम्पनी दर्ता, आयकर दर्ता, मूल्य अभिवृद्धि कर दर्ता, नवीकरण तथा आ.व. २०७४/०७५ को कर चुक्ता सहितका प्रमाणपत्रका प्रतिलिपिहरु नोटरी पब्लिकबाट प्रमाणित गराई पेश गर्नु पर्ने छ।
२. आफुले बिक्री गर्ने तथा उपलब्ध गराउने सामान वा सेवाको विवरण,
३. सेवा दिने फर्महरुको प्राविधिक सहयोगीहरुको सूची,
४. सामान उत्पादन गर्ने वा वितरण गर्ने फर्म वा कम्पनीको तर्फबाट नेपाल भरको लागि वितरक नियुक्त भएको भए सो को प्रमाण पत्र तथा एजेन्सीको करारनामाको प्रमाणित प्रतिलिपि।

**अन्य जानकारीहरु**

१. व्यवसायीक प्रमाणपत्रको प्रतिलिपि संलग्न नभएको वा रीत नपुगेको निवेदन उपर कुनै कारवाहि गरिने छैन।
२. प्राप्त निवेदनहरु मध्येबाट उपयुक्त ठहरिएका बिक्रेता, फर्म वा कम्पनीहरुलाई मात्र सूचिकृत गरिनेछ। त्यसरी सूचिकृत गर्दा पेश हुन आएको विवरण, क्षमता, दक्षता र अनुभवलाई आधार मानिने छ।
३. कम्पनी, फर्म, वा संस्था सूचिकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार आयोगमा निहित रहने छ।
४.परामर्श सेवातर्फ व्याक्तिले पनि निवेदन दिन सक्नेछ।
५. यस सूचनामा नभएका अन्य कुराहरुको हकमा प्रचलित कानून बमोजिम समावेश भएको मान्नु पर्नेछ।